# पुस्तकालयमा थपिए ११ सय किताब



वीरगन्ज उपमहानगरपालिकाको कार्यालयले सञ्चालन गरेको अढाई दशक पुरानो सार्वजनिक पुस्तकालय । यसमा हाल एकैपटक एक हजार एक सय पुस्तक थपिएका छन् ।
*तस्बिर : शंकर / कान्तिपुर*

■ शंकर आचार्य

पर्सा- पुराना पुस्तक संग्रह गरिएको वीरगन्जस्थित सार्वजनिक पुस्तकालयले नयाँ जीवन पाएको छ । वीरगन्ज उपमहानगरले करिब १ हजार १ सय नयाँ पुस्तक थप गरेको छ । एक दशकयता पहिलो पटक ठूलो परिमाणमा पुस्तक थपिएको हो । कार्यालयले यसलाई सञ्चालनमा ल्याएको २५ वर्ष भइसकेको छ । पाठकले सार्वजनिक पुस्तकालयमा नयाँ पुस्तक नथपेको गुनासो गर्थे ।

अहिले विभिन्न विधाका पुस्तक खरिद गरिएको कार्यालयका सामाजिक विकास महाशाखाका धनबहादुर थापाले बताए । '११ सय १३ थान विभिन्न पुस्तक खरिद गरेका छौं,' उनले भने, 'विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रम अनुसारका पछिल्ला पुस्तक, विज्ञान, अर्थशास्त्र, गणित, कम्प्युटर, शिक्षा शास्त्रका सम्पूर्ण, नेपाल टेलिकम, विद्युत् प्राधिकरण तथा बैंकिङ क्षेत्रका प्रतियोगितात्मक परीक्षाका पुस्तकहरू थपिएका छन् ।'

त्यसबाहेक साहित्यिक लेखरचना, उपन्यास, निबन्ध, सकारात्मक सोच विकास गर्ने पुस्तकहरू, पत्रकारिता, नर्सिङ, एमबीबीएस, हेल्थ असिस्टेन्ट लगायत स्वास्थ्य सेवा सम्बन्धी पुस्तकहरू पनि थप गरिएको थापाले जानकारी दिए । 'विगतमा पुस्तकालयमा करिब ५ हजार पुस्तक संगृहीत थिए,' उनले भने, 'अधिकांश पुराना तथा विश्वविद्यालयले पाठ्यक्रम परिवर्तन गरेपछि ती पुस्तकको महत्त्व घटेको थियो ।'

उसो त पुस्तकालयमा हाल प्रयोगमा राखिएका र पुराना भई भण्डारण गरिएका करिब १० हजार पुस्तक छन् । तीमध्ये पुराना र पाठकले नपढ्ने पुस्तकलाई छुट्याएर राखिएको छ । नियमित रूपमा एक दर्जन राष्ट्रिय दैनिक, केही भारतीय दैनिक, दुई दर्जनबढी साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाहरूसमेत पुस्तकालयमा राखिन्छ । पुस्तकालयको आफ्नै दुई तले भवन, आकर्षक संरचना र शान्त वातावरण रहे पनि उचित व्यवस्थापन हुन सकेको छैन ।

विगतमा विशेष गरी कलेजका विद्यार्थीलाई आफ्ना पुस्तकले आकर्षित गर्ने यो पुस्तकालयमा पछिल्ला वर्षहरूमा उनीहरूकै लागि आवश्यक पाठ्यपुस्तकको अभाव हुँदै गएको थियो । उमनपाको कार्यालयले यो पुस्तकालयको व्यवस्थापनमा ध्यान दिन सकेको थिएन । विगतमा उमनपाको कार्यालयले यो पुस्तकालय दैनिक विहान र साँझमा मात्र खोल्ने गरेकोमा हाल विहान ७ देखि साँझ ७ बजेसम्म १२ घण्टा निरन्तर सञ्चालन गरेको छ ।

पुस्तकालय प्रमुख अशोक प्रधानले पुस्तकालयमा ७ जना कर्मचारी रहेको तर कसैमा पनि लाइब्रेरी शिक्षाको औपचारिक अनुभव नभएकाले समस्या भएको बताए । तर समस्याकै बाबजुद पनि पुस्तकालयको हालको स्वरूप पूर्णरूपमा परिवर्तन गर्ने तयारी भइरहेको उनले बताए । 'हामी यो पुस्तकालयमा सीसीटीभी क्यामेरा, बत्ती, वाइफाई, फर्निचर, रंगरोगन आदि सुविधा थप्ने गृहकार्य गर्दै छौं,' प्रधान भन्छन्, 'पुस्तकालयलाई ई-लाइब्रेरीमा रूपान्तरित गर्ने पनि हाम्रो प्रयास छ ।'